# सिन्धुली जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह, दोस्रो वर्षको नेपाशि. ५९८ को पाठ्यांश पूरा गर्ने प्रयोजनका निमित्त प्रस्तुत

## शोधपत्र


शोधार्थी

महेन्द्रदेव श्रेष्ठ

त्रि.वि.वि. दर्ता नम्बरः ६-१२३३-८४-९८

दोस्रो वर्षको क्रमाङ्कः २३३०१२४/२०६६

नेपाली भाषा शिक्षा विभाग

सिन्धुली बहुमुखी क्याम्पस

सिन्धुली


२०६८

## कृतज्ञता ज्ञापन

**सिन्धुली जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदनलेखन क्षमताको एक अध्ययन** शीर्षकमा प्रस्तुत शोधपत्रे त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षण विभागअन्तर्गत स्नातकोत्तर (एम्.एड.) तह दोस्रो वर्षको नेपाशि. ५९८ पाठ्यांश पूरा गर्ने प्रयोजनको लागि तयार पारिएको हो ।

शोधकार्य सोचे भन्दा निकै नै जटिल रहेछ । त्यसमा पनि क्षमताको अध्ययन विषयमा कलम चलाउँदा बुझ्री नसक्नु गाह्रो र अप्ठ्यारो हुँदोरहेछ । जुनकुरा शोधकार्यको अध्ययनमा बुझ्ने मौका पाइयो ।

सर्वप्रथम मलाई नेपाली विषयमानै स्नातकोत्तर गर्न सल्लाह दिनुहुने आदरणीय गुरु फाल्गुणी शर्माज्यूप्रति आभार प्रकट गर्दछु । आदरणीय गुरुकै उचित सल्लाहका कारण आज मैले शोधपत्र लेख्ने सुवअवसर प्राप्त गर्न सकें । त्यसैगरी प्रस्तुत शोधपत्र लेख्न विभागीय स्वीकृति प्रदान गर्नुहुने गुरु भानुभक्त गुरुङ्ग र शोधपत्र लेखनमा जुनसुकै समयमा पनि सुझाव दिई मार्गदिर्नेश र शोभपत्रको शुद्धाशुद्धीलगायत स्तरीय शोधपत्र छपाइप्रति निरन्तर अभिरुचि लिई यसको प्रकाशनमा सहयोग गर्नुहुने आदरणीय गुरु अर्जुनप्रसाद पौडेलप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

मेरो अध्ययनलाई यहाँसम्म ल्याउन पारिवारिक समस्यालाई एक्लै बहन गरी आत्मादेखिनै सहयोग गरिदिने मेरी जीवनसंगिनी सरिताकुमारी श्रेष्ठ, पढाइलाई सर्वोपरी मानी सधैं मलाई अगाडि बढ्न प्रेरणा प्रदान गर्नुहुने दिदी पद्माकुमारी श्रेष्ठ, घरको कामलाई बहन गरी पढाइमा सहयोग गर्ने दाइ मुरारीदेव श्रेष्ठ र खाजा बनाइ खुवाउने, बाल्यकालदेखि नै हेरचाह गरी स्कुल हुँदै क्याम्पससम्म सहयोग पुऱ्याउने दिदीहरु मधुकुमारी श्रेष्ठ र मन्जुकुमारी श्रेष्ठलाई हृदयदेखिनै सप्रेम धन्यवाद दिन चाहन्छु ।

यसैगरी यस अध्ययनसँग सम्बन्धित सान्दर्भिक पुस्तक तथा शोध प्रतिवेदनहरु उपलब्ध गराइ दिने त्रि.वि. केन्द्रीय पुस्तकालय, सी.आ.सी पुस्तकालय, नेपाली भाषा शिक्षा विभागअन्तर्गतको सम्प्रेषण पुस्तकालय र नेपाल-भारत मैत्री पुस्तकालयप्रति उत्तिकै आभारी छु । अध्ययन-अनुसन्धान लागि विद्यार्थी उपलब्ध गराइ आवश्यक सहयोग पुऱ्याउने प्रतिनिधि विद्यालयका प्रधानाध्यापक, विषय शिक्षक तथा विद्यालय परिवारलाई धन्यवाद दिन चाहन्छु । शोधकार्यमा उल्लेख्य  भूमिका निर्वाह गर्ने सम्पूर्ण छात्र-छात्राहरुप्रति धन्यवाद ज्ञापन गर्दछु ।

कम्प्युटर टाइप तथा सेटिङ्ग गरिदिने मित्र कृष्णहरि ढुङ्गेललाई समेत हार्दिक धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय, सिन्धुली बहुमुखी क्याम्पस नेपाली भाषा शिक्षा विभागसमक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

महेन्द्रदेव श्रेष्ठ

नेपाली भाषा शिक्षा
विभाग

सिन्धुली बहुमुखी क्याम्पस,
सिन्धुली

# शोधसार

| | |
|---|---|
| **शोधशीर्षक** | सिन्धुली जिल्लाका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखनक्षमताको अध्ययन |
| **शोधार्थीको नाम** | महेन्द्रदेव श्रेष्ठ |
| **शोधनिर्देशक** | उपप्राध्यापक अर्जुनप्रसाद पौड्ेल |
| **शैक्षिक वर्ष** | २०६४/२०६६ |
| **क्याम्पस विभाग** | नेपाली भाषा शिक्षा विभाग, सिन्धुली वहुमुखी क्याम्पस ढुङ्ग्रेवास । |
| **अध्याय/पृष्ठसङ्ख्या** | ९+४७+८ |

**समस्याकथन**

सिन्धुली जिल्लाका कक्षा नौ मा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमता कस्तो छ ? सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा चिठी निवेदनलेखन क्षमताको तुलनात्मक स्थिति के-कस्तो छ ?, भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी तथा नेपाली दोस्रोभाषी विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति कस्तो छ ? लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरुको चिठी तथा निवेदनलेखन क्षमताको तुलनात्मक स्थिति के-कस्तो छ ? उक्त कक्षा पूरा गरेका विद्यार्थीहरुमा चिठी-निवेदन लेखनसम्वन्धी के-कस्ता कमीकमजोरीहरु रहेका छन् ? चिठी र निवेदन लेखन सुधारका लागि के-कस्ता सुझावहरु हुनसक्छन् ? भन्ने विषयलाई मुख्य समस्या मानेर प्रस्तुत शोधकार्य गरिएको छ । यिनै समस्यासँग सम्वन्धित कक्षा ९ पूरा गरेका विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमता पहिचान गर्नु, सरकारी र निजी विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, भाषिक पृष्ठभूमिको आधारमा नेपाली मातृभाषी र नेपाली दोस्रोभाषी विद्यार्थीहरुको चिठी र निवेदन लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु उक्त विद्यार्थीहरुमा चिठी र निवेदन लेखनसम्बन्धी कमीकमजोरीहरु पहिचान गर्नु र ती कमीकमजोरीहरुको निराकरण गर्न आवश्यक सुझाव दिने उद्देश्यहरुमा यो शोधकार्य केन्द्रित छ ।

प्रस्तुत शोधकार्यको विद्यार्थीहरुसँग प्रत्यक्षतः सम्बन्धित भएकोले विद्यार्थीहरुलाई केन्द्रबिन्दु मानेर नमुना सर्वेक्षण विधिबाट यस अध्ययनलाई अगाडि बढाइएको छ । यस अध्ययन अनुसन्धानका लागि सिन्धुली जिल्लाभित्र २/२ वटा सरकारी र निजी विद्यालयहरुबाट २५/२५ जनाको सङ्ख्यामा जम्मा १०० जना विद्यार्थीहरुलाई प्रतिनिधि जनसङ्ख्याको रुपमा चयन गरिएको छ । यसरी प्रस्तुत शोधकार्य मूलतः क्षेत्रीय सामग्री सङ्कलन विधि र अंशतः पुस्तकालय विधिमा आधारित छ । उपलब्ध तथ्याङ्कहरुको वस्तुगत अध्ययनका लागि समूहगत प्रतिशताङ्क श्रेणी निर्धारण गरी विद्यार्थीहरुको चिठी र निवेदन लेखन क्षमताको पहिचान गरिएको छ ।

**यस शोध-अध्ययनलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छः**

१. कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको समग्रमा चिठी र निवेदन लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ । यस अध्ययनमा ५० प्रतिशतभन्दा माथि चिठीलेखन क्षमता मापन गराउन सफल विद्यार्थीहरुको सङ्ख्या ६५ प्रतिशत देखिनुले यस कुराको पृष्टि गरेको छ ।

२. समान विद्यार्थी सङ्ख्याका प्रतिशतको आधारमा नेपाली मातृभाषी विद्यार्थीहरुको चिठीलेखन क्षमता दोस्रोभाषी विद्यार्थीहरुको भन्दा आंशिक रुपमा सन्तोषप्रद देखिन्छ ।

३. निजी र सरकारी विद्यालय समूहका विद्यार्थीहरुको चिठीलेखन क्षमताको तुलना गर्दा सरकारी विद्यालयकोभन्दा निजी विद्यालय समूहका विद्यार्थीहरुको चिठीलेखन क्षमता उच्च रहेको देखिन्छ ।

४. छात्र तथा छात्रा समूहका विद्यार्थीहरुको लैङ्गिकताका आधारमा चिठीलेखन क्षमताको तुलनात्मक अध्ययन गर्दा छात्रा समूहका विद्यार्थीहरु चिठीलेखनमा केही वढी मात्रमा सक्षम रहेको पाइन्छ ।

५. समग्रमा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निवेदन लेखन क्षमता उच्च नै रहेको देखिन्छ । यस अध्ययनमा ५० प्रतिशतभन्दा माथि निवेदन लेखन क्षमता मापन गराउन सफल विद्यार्थीहरुको सङ्ख्या ७७ प्रतिशत देखिनुले यस कुराको पुष्टयाइँ गरेको छ ।

६. समान विद्यार्थी सङ्ख्याका प्रतिशतको आधारमा नेपाली मातृभाषी विद्यार्थीहरु र नेपाली दोस्रोभाषी विद्यार्थीहरुको निवेदनलेखन क्षमता समान देखिन्छ ।

७. सरकारी र निजी विद्यालय समूहका विद्यार्थीहरुको निवेदन लेखन क्षमताको तुलना गर्दा सरकारी विद्यालय समूहका विद्यार्थीहरुभन्दा निजी विद्यालय समूहका विद्यार्थीहरुको निवेदनलेखन क्षमता उच्च रहेको देखिन्छ ।

८. लैङ्गिकताका आधारमा छात्र तथा छात्रा समूहका विद्यार्थीहरुको निवेदन लेखनक्षमताको तुलनात्मक अध्ययन गर्दा छात्राभन्दा छात्र समूहका विद्यार्थीहरुको निवेदन लेखन क्षमता केही उच्च देखिन्छ ।

९. सामान्य ढाँचा, विषयवस्तु , भाषिक शुद्धता, शैली र शिल्प चिठी र निवेदन लेखनक्षमताको सङ्गठनात्मक ढाँचा चिठी र निवेदन लेखनका केन्द्रीय पक्ष हुन् भने यसतर्फ विद्यार्थीहरुमा बढी मात्रामा जानकारी रहेको तथ्य प्रस्तुत अध्ययनले देखाएको छ ।

१०. सरकारी विद्यालयहरुमा योजनाबद्ध शिक्षण सिकाई हुन नसक्नु तथा निजी विद्यालयमा एउटै विषयमा बढी अभ्यास गराइनुले विद्यार्थीहरुको स्वतन्त्र अभिव्यक्ति क्षमतामा सामान्य रुपमा असर पुऱ्याएकै देखिन्छ । यसर्थ विद्यार्थीहरुमा सिर्जनात्मक अभिव्यक्ति क्षमता विकास गर्दै लेखाइ सीपमा सक्षम बनाउनु चिठी तथा निवेदन लेखन क्षमता शिक्षणलाई व्यवस्थित गरिनुपर्दछ ।